धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२८ ◆ २०८३ जेष्ठ ३१ गते आइतबार, Sunday, June 14, 2026 ◆ नं सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## घुस लिँदै गरेका नासु अख्तियारको नियन्त्रणमा

मनाङ । भूमि प्रशासन कार्यालय मनाङमा कार्यरत नायबसुब्बा ज्ञानराज कँडेललाई घुस लिँदै गरेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएको छ ।

जग्गा रोक्का गर्ने काममा सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस माग गरेको उजुरीका आधारमा पोखराबाट खटिएको आयोगको टोलीले शनिबार कँडेललाई नियन्त्रणमा लिएको हो । आयोगका प्रवक्ता सुरेश न्यौपानेद्वारा शनिबार जारी प्रेस विज्ञप्तिअनुसार नायबसुब्बा कँडेललाई सेवाग्राहीबाट रु ४० हजार घुस लिएको अवस्थामा पक्राउ गरिएको हो । सो क्रममा घुस रकमसहित स्रोत नखुलेको रु २१ हजार ७० समेत बरामद भएको उहाँले जानकारी दिनुभयो । नियन्त्रणमा लिइएका कँडेल माथि थप अनुसन्धान भइरहेको आयोगका प्रवक्ता न्यौपानेले बताउनुभयो । अख्तियारले सार्वजनिक सेवामा हुने भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि उजुरीका आधारमा निगरानी तथा कारबाहीलाई निरन्तरता दिँदै आएको जनाएको छ ।

घटनाबारे थप अनुसन्धानपछि कानुनी प्रक्रिया अगाडि बढाइने आयोगले विज्ञप्तिमा उल्लेख गरेको छ ।

## तीस हजार क्याप्सुल ट्रामाडोलसहित तीन जना पक्राउ

काठमाडौँ । प्रहरीले कारभित्र लुकाएर ल्याएको ३० हजार क्याप्सुल ट्रामाडोलसहित तीन जनालाई पक्राउ गरेको छ ।

प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले शनिबार बाराको सिम्रौनगढबाट काठमाडौँतर्फ आउँदै गरेको बागमती प्रदेश बिएडी ९२०१ नम्बरको सुजुकी कारमा ल्याउँदै गरेको सो परिमाणको क्याप्सुल ट्रामाडोलसहित उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगरपालिका-३ का ३५ वर्षीय जितेन्द्र पासवान, भारतको बिहार राज्य सितामढी का ३२ वर्षीय अहमद लड्डन र सोही स्थानका ३३ वर्षीय मोहम्मद सदाम रहेका ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिनुभयो । ललितपुर महानगरपालिका-२३ बाट नख्खुतर्फ आउँदै गरेको उक्त कारलाई रोक्न खोज्दा नरोकेपछि गोली प्रहार गरेर नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो ।

पक्राउ परेका व्यक्तिहरूबाट प्रहरीले लागुऔषध ट्रामाडोल क्याप्सुल सहित सुजुकी कार एक थान, मोटर-साइकल एक थान र मोबाइल पाँच थान बरामद गरेको छ । तीनै जनामाथि लागुऔषध नियन्त्रण ऐनअन्तर्गत आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता रेग्मीले बताउनुभयो ।

## एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि ६८ करोड

काठमाडौँ । पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३/८४ मा एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि ६७ करोड एक लाख बजेट विनियोजन गरेको छ ।

हालसालै सार्वजनिक गरेको आगामी आवको लागि वार्षिक विकास कार्यक्रम अन्तर्गत सो योजना समावेश गरेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले आगामी आवका लागि निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग निर्माणका लागि ५० करोड बजेट विनियोजन गरेको छ ।

ग्वार्को सातदोबाटो एकान्तकुना फ्लाइओभरका लागि १२ करोड ६६ लाख छुट्याएको वार्षिक विकास कार्यक्रममा उल्लेख गरिएको छ । त्यसैगरी, सुरुङमार्ग विकास कार्यक्रमका लागि तीन करोड ७७ लाख ८० हजार बजेट छुट्याएको छ ।

मन्त्रालयले टोखा छहरे गुर्जु भन्ज्याङ सुरुङमार्गका लागि ११ लाख ४८ हजार बजेट विनियोजन गरेको छ । त्यसैगरी, विभिन्न प्रस्तावित सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि एक लाख ९० हजार बजेट छुट्याएको छ ।

त्यसैगरी, सुर्खेतको भेरी नदीदेखि बर्दियाको दानुवा तालसम्म सुरुङमार्ग अध्ययनका लागि पाँच लाख ६० हजार बजेट विनियोजन गरेको छ । त्यस्तैगरी, दोलालघाट चर्नावती सुरुङमार्गका लागि १८ लाख ९० हजार विनियोजन गरेको छ । हात्तीसार बबई सुरुङमार्गका लागि सात लाख ५६ हजार छुट्याएको छ । खुर्कोट चियाबारी सुरुङमार्गको अध्ययनका लागि तीन लाख ९२ हजार विनियोजना गरेको छ ।

त्यसैगरी, शिवपुर भालुवङ्ग सुरुङमार्गका लागि तीन लाख ९२ हजार रकम छुट्याएको छ । रानीघाट भुरीगाउँ सुरुङमार्गका लागि तीन लाख ९२ हजार बजेट छुट्याएको छ ।

## भाषा, साहित्य र संस्कृतिबिना समृद्धि अपूरो

काठमाडौँ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले कला, साहित्य, भाषा र संस्कृति कुनै पनि राष्ट्रको शक्ति र पहिचानको आधार भएकाले तिनको संरक्षण र प्रवर्द्धनबिनाको समृद्धि अपूरो हुने बताउनुभएको छ । गोरखापत्र संस्थानद्वारा शनिबार आयोजित 'मधुपर्क सम्मान-२०८३' कार्यक्रममा उहाँले मुलुकको भौतिक पूर्वाधार र आर्थिक सूचकाङ्कसँगै भाषा, साहित्य र संस्कृतिको सुदृढ विकास पनि समानान्तर रूपमा आवश्यक रहेको बताउनुभयो । सामाजिक सञ्जाल साहित्यिक अभिव्यक्तिको महत्वपूर्ण माध्यमका रूपमा विकसित हुँदै गएकोले बदलिँदो प्रविधिसँगै साहित्यको प्रस्तुति र पहुँचका नयाँ आयाम खुल्दै गएको बताउनुभयो ।

# यस वर्ष कामपाका १२८ स्थान डुबानको जोखिममा

❑ *प्रत्यूष समाचारदाता*



काठमाडौँ । यस वर्षको मनसुनमा काठमाडौँ महानगरपालिले १२८ ठाउँमा डुबानको जोखिम पहिचान गरेको छ । जसबाट करिब आठ हजार ३१५ परिवार प्रभावित हुन सक्ने अनुमान गरिएको छ । जोखिम कम गर्नका लागि कामपाले मनसुनपूर्व तयारी र प्रतिकार्य योजनासमेत स्वीकृत गरेको छ ।

कामपा विपद् व्यवस्थापन विभागका प्रमुख अनिरुद्ध नेपालका अनुसार बागमती, विष्णुमतीको दोभानबाट तल्लो भेगमा पर्ने वडा नं १४ सबैभन्दा बढी जोखिममा देखिन्छ । उहाँका अनुसार डुबानबाट कतै धेरै स्थान र कतै धेरै परिवार प्रभावित हुने देखिन्छ ।

नेपालले भन्नुभयो, "वडा १४ सँगै वडा नं १३, १५, २९, १०, १६, २६, ३२, १२ बढी जोखिममा देखिन्छन् । डुबान हुने ठाउँका आधारमा वडा नं ३० मा २१ ठाउँ, वडा नं ४ र वडा नं ३२ मा १०-१० ठाउँमा डुबानको जोखिम देखिन्छन् ।" उहाँका अनुसार वडा नं १६ सबैभन्दा बढी प्रभावित हुने देखिन्छ ।

सामाखुशी, विष्णुमती र अन्य खहरे खोलाहरूले यस वडामा करिब एक हजार ६०० परिवार प्रभावित हुने अनुमान गरिएको विपद् व्यवस्थापन विभागका प्रमुख नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार वडा नं २६ मा एक हजार २५५, वडा नं ३ मा ९५० र वडा नं ४ मा ९५५ परिवार प्रभावित हुनेछन् ।

उक्त अनुमानका आधारमा निर्माण गरिएको पूर्वतयारी कार्ययोजनामा वडास्तरीय विपद् व्यवस्थापन समिति, जनप्रतिनिधि, सुरक्षा निकाय, दमकल, एम्बुलेन्स, स्वास्थ्य सेवालगायत आकस्मिक सेवा लिनुपर्ने क्षेत्र र अधिकारीका टेलिफोन नम्बर तयारी अवस्थामा राखिएका कामपा विपद् व्यवस्थापन विभागले जनाएको छ । स्रोत र उपकरणहरुको विवरण उल्लेख गरिएको छ । जोखिम घटाउन, घटना भए उद्धार, राहत, व्यवस्थापन तथा पुनर्लाभका लागि कामपाका ११ वटा विभागलाई जिम्मेवारी कार्ययोजना तोकिएका विपद् व्यवस्थापन विभागका प्रमुख नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार विपद्का समयमा प्रयोग गर्न सकिने ५१ वटा पार्क, २८ वटा खुला क्षेत्र र ८७ वटा विद्यालय पहिचान गरिएका छन् ।

यसअघिका वर्षहरूको अविरल वर्षाका कारण सहरी जीवनमा उत्पन्न भएको बाढी र डुबानजन्य जोखिम फेरि नदोहोरियोस् भन्नेमा सचेत भएर कामपाले जोखिम न्यूनीकरणका लागि नदी सरसफाइ, डुबान समाधान जस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ।

## कवि ढुंगानाको मुटु फलाम भएर कृति लोकार्पण

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । वरिष्ठ कवि राजेश ढुङ्गानाद्वारा लिखित कृति 'मुटु फलाम भएर' शनिबार काठमाडौँमा आयोजित एक कार्यक्रमबीच लोकार्पण गरिएको छ ।

नेपाल स्रष्टा समाज केन्द्रीय समितिको आयोजनामा भएको उक्त कार्यक्रममा वरिष्ठ कवि एवं लेखक रोचक घिमिरेले उक्त कृतिको लोकार्पण गर्नुभएको हो । सो अवसरमा उहाँले नेपाली साहित्यका प्रखर स्रष्टा ढुङ्गानाको 'मुटु फलाम भएर' कविता कृति उत्कृष्ट कृतिमध्ये एक रहेको बताउनुभयो । उहाँले यसले नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण पहिचान बनाउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागी विभिन्न साहित्यकार तथा कविहरूले 'मुटु फलाम भएर' कविता कृति भाव, शैली र प्रस्तुतिका दृष्टिले रोचक रहेको धारणा राख्नुभयो । उहाँहरूले उक्त कृति साहित्यप्रेमी पाठकका लागि रुचिको विषय बन्ने विश्वास व्यक्त गर्नुभयो ।



कवि ढुङ्गानाले लामो अध्ययन, मिहेनत र जीवनका विभिन्न अनुभवलाई समेटेर उक्त कविता कृति तयार पारिएको बताउनुभयो । उहाँले पाठकको माया र प्रतिक्रियाले आफूलाई थप सिर्जनात्मक ऊर्जा मिल्ने उल्लेख गर्नुभयो ।

## भारतीय पर्यटकलाई पोखरा घुम्ने निम्तो

गण्डकी । भारतीय सहर कोलकातामा पोखरा र कोलकाताका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी 'बिटुबी' एवं 'सेल्स मिसन' सम्पन्न भएको छ ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स एजेन्टस् (नाट्टा) गण्डकीको 'पोखरा-नेपाल प्रवर्द्धन अभियान २०२६' अन्तर्गत शनिबार आयोजित 'बिटुबी' एवं 'सेल्स मिसन'मार्फत पोखरा र कोलकाताबीच पर्यटन साझेदारीलाई अगाडि बढाइएको हो । त्यस क्रममा पोखराका पर्यटन व्यवसायीले भारतीय पर्यटन व्यवसायीलाई आकर्षक 'प्याकेज' सहितको भ्रमण योजना प्रस्तुत गरेका थिए । भारतीय पर्यटन व्यवसायीले आगामी दिनमा थप भारतीय पर्यटक नेपाल पठाउने प्रतिबद्धता जनाएको नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले बताउनुभयो ।

भारतीय पर्यटन व्यवसायीले पोखरा, मुक्तिनाथ, अन्नपूर्ण क्षेत्र र गण्डकी प्रदेशका अन्य पर्यटकीय गन्तव्यलाई भारतीयमाझ चिनाउने र घुम्नका लागि प्रेरित गर्ने बताएको उहाँको भनाइ छ । कार्यक्रममा कोलकाता स्थित नेपाली महावाणिज्यदूत झक्कप्रसाद आचार्यले पर्यटनले नेपाल र भारतबीचको मित्रता, संस्कृति र आर्थिक समृद्धिमा थप टेवा पुग्ने बताउनुभयो । 'बिटुबी' एवं 'सेल्स मिसन'ले पश्चिम बङ्गाल र पोखराबीच सहकार्य र पर्यटन विस्तारका लागि नयाँ आधार तयार गरेको उहाँको भनाइ थियो । पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा र कोलकाताबीच सांस्कृतिक र जनस्तरको सम्बन्ध रहेको बताउनुभयो । उहाँले पर्यटन साझेदारीले दुवै ठाउँले लाभ लिन सक्ने धारणा राख्नुभयो । कार्यक्रममा सहभागी भारतीय पर्यटन व्यवसायीले पोखरालाई दक्षिण एसियाकै उत्कृष्ट पर्यटन गन्तव्यमध्ये एक भएको बताएका थिए । पर्यटकीय राजधानी पोखरासहित गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि पोखरा र कोलकाताका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी 'बिटुबी' एवं 'सेल्स मिसन' आयोजना गरिएको हो । अध्यक्ष दाहालले पश्चिम बङ्गालका बासिन्दालाई लक्षित गरेर कोलकातामा पोखराको पर्यटन प्रवर्द्धन गरिएको बताउनुभयो । "पछिल्लो समय पोखरासहित नेपालका विभिन्न गन्तव्य स्थलमा भारतीय पर्यटकको आवागमन बढेको छ", उहाँले भन्नुभयो, "बिटुबी कार्यक्रमले नेपालमा भारतीय पर्यटकको सङ्ख्यालाई थप वृद्धि गर्न मद्दत पुग्नेछ ।"

कार्यक्रममा पोखरासहित समग्र नेपालको पर्यटन गतिविधि समेटिएको वृत्तचित्र, प्रवर्द्धनात्मक सामग्री प्रदर्शन एवं वितरण गरिएको थियो । कार्यक्रममा टुर अपरेटर्स वेलफेयर एसोसिएसन, इन्डियन एसोसिएसन अफ टुर अपरेटर्स, ट्राभल एजेन्ट्स एसोसिएसन अफ बङ्गाल, एसोसिएसन अफ बुद्धिस्ट टुर अपरेटर्स तथा एसोसिएसन अफ टुरिजम सर्भिस प्रोभाइडर्स अफ बङ्गालका प्रतिनिधिहरूको सहभागिता थियो । नाट्टा गण्डकीले यसअघि भारतको पटना, बाराणासी, अयोध्या, गोरखपुर र सिलुगुढीमा पोखराको पर्यटन प्रवर्द्धनसँगै 'बिटुबी' एवं 'सेल्स मिसन' आयोजना गरिसकेको छ ।

## सम्पादकीय ....

### युवा पलायन रोकिएला ?

नेपाल सरकारले सार्वजनिक गरेका विभिन्न तथ्याङ्कअनुसार प्रत्येक वर्ष लाखौं नेपाली युवा श्रम स्वीकृति तथा वैदेशिक अध्ययन अनुमति लिएर विदेश जाने गरेका छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्रै करिब ८ लाख ४० हजार भन्दा बढी नेपाली युवाले नयाँ तथा पुनः श्रम स्वीकृति लिएका थिए ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार पछिल्ला वर्षहरूमा वार्षिक १ लाखभन्दा बढी विद्यार्थीले 'नो अब्जेक्सन लेटर' (एनओसी) लिएर उच्च शिक्षाका लागि विदेश गएका छन् । यसरी हेर्दा नेपालबाट दैनिक औसत दुई हजारभन्दा बढी युवा विदेशिने अवस्था सिर्जना भएको देखिन्छ । यो संख्या केवल आँकडा मात्र होइन; यो देशको भविष्य, श्रम शक्ति र विकासको सम्भावनासँग प्रत्यक्ष जोडिएको विषय हो ।

नेपालको कुल जनसंख्याको करिब ४२.५६ प्रतिशत हिस्सा १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूले ओगटेको छ । सामान्यतया यस्तो अवस्था कुनै पनि राष्ट्रका लागि जनसांख्यिक लाभको सुनौलो अवसर मानिन्छ । तर नेपालमा यही अवसर क्रमशः चुनौतीमा रूपान्तरण हुँदै गएको छ । देशभित्र पर्याप्त रोजगार सिर्जना हुन नसक्दा, उद्योग-धन्दा विस्तार नहुँदा, राजनीतिक अस्थिरता कायम रहँदा र शिक्षा प्रणाली बजारमुखी बन्न नसक्दा युवाहरू विदेशलाई नै सुरक्षित विकल्पको रूपमा हेर्न बाध्य भइरहेका छन् ।

यस युवा पलायनको सबैभन्दा गम्भीर असर 'ब्रेन ड्रेन' अर्थात् प्रतिभा पलायनका रूपमा देखिएको छ । नेपालले ठूलो लगानी गरेर उत्पादन गरेका चिकित्सक, इन्जिनियर, सूचना प्रविधि विज्ञ, नर्स, अनुसन्धानकर्ता र दक्ष जनशक्ति विकसित मुलुकहरूमा स्थायी रूपमा बस्न थालेका छन् । नेपाल मेडिकल काउन्सिलको अध्ययनले नेपालमा अध्ययन पूरा गरेका धेरै विशेषज्ञ चिकित्सक विदेशमा कार्यरत रहेको देखाउँछ । त्यस्तै सूचना प्रविधि क्षेत्रमा अध्ययन गरेका ठूलो संख्याका युवाहरू कलेज सकिने बित्तिकै अमेरिका, अस्ट्रेलिया, क्यानडा र युरोपतर्फ आकर्षित भइरहेका छन् । यसको प्रत्यक्ष असर नेपालभित्र दक्ष जनशक्तिको अभावका देखिएको छ । यहाँका कम्पनीहरुले दक्ष तथा क्षमतावान जनशक्ति पाउन सकेको छैन ।

विश्वविद्यालयहरूमा योग्य प्राध्यापकको कमी बढ्दै गएको छ । राष्ट्रिय गौरवका आयोजनाहरू विदेशी प्राविधिक र परामर्शदातामाथि निर्भर बन्नु पनि यही प्रतिभा पलायनको परिणाम हो । दक्ष जनशक्तिको अभावले नेपालमा विकास निर्माणको गति सुस्त बनाएको मात्र छैन, यसले राष्ट्रिय आत्मनिर्भरतामाथि पनि गम्भीर प्रश्न उठाएको छ । रेमिट्यान्सले नेपाली अर्थतन्त्रलाई तत्कालीन रूपमा ठूलो राहत दिएको छ । लाखौं परिवारको दैनिक जीवन, शिक्षा, स्वास्थ्य, घर निर्माण र उपभोग खर्च यही पैसाले धानिरहेको छ ।

श्रम बजार कमजोर भयो वा विदेशी श्रम नीतिमा परिवर्तन आयो भने नेपालको अर्थतन्त्र ठूलो जोखिममा पर्न सक्छ। कोभिड-१९ महामारीका बेला लाखौं नेपाली कामदार स्वदेश फर्कनुपरेको घटना यस जोखिमको स्पष्ट संकेत थियो । यसैले रेमिट्यान्सले तत्काल राहत दिए पनि दीर्घकालीन आर्थिक आत्मनिर्भरता भने सुनिश्चित गर्न सक्दैन ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## सन्दर्भ विश्व आरोग्य दिवस आरोग्य नेपालः समृद्ध नेपालको यात्रा

डा वैकुण्ठ अर्याल

व्यक्तिको खुसी, सुख र आनन्दसँग जोडिएको शारीरिक, मानसिक र आत्मिक स्वस्थता नै आरोग्य हो । यो एक बहुआयामिक विषय हो । यसमा शारीरिक, मानसिक, वातावरणीय, सामाजिक, भावनात्मक र आध्यात्मिक/आत्मिक कुराहरु समावेश भएका हुन्छन् । मानिसलाई आरोगी हुन यी सबै आयामको सन्तुलन आवश्यक पर्दछ । मलाई औषधि खानुपरेको छैन, कुनै चिकित्सक वा स्वास्थ्यकर्मीको सेवा लिनुपरेको छैन, म अहिलेसम्म अस्पताल गएको छैन भन्नु मात्र आरोग्य होइन । यो त शारीरिक स्वस्थता मात्र हो । वास्तवमा आरोग्य मन, मस्तिष्क, शरीर, भावना र चेतनाको स्वस्थता हो । मानिसभित्रैदेखि आनन्दित नभई आरोगी हुन सक्दैन । तसर्थ, आनन्दको बाहिरी प्रकट रूप नै आरोग्य हो । अनि आरोग्य आनन्द हो ।

#### आरोग्य उद्योग र अर्थतन्त्र

ग्लोबल वेलनेस इन्टिच्युटले सन् २०२४ मा निकालेको प्रतिवेदन अनुसार संसारको आरोग्य अर्थतन्त्रको आकार ६.८ ट्रिलियन (६८ खर्ब) अमेरिकी डलर रहेको छ । विश्वभरको कूल स्वास्थ्य र चिकित्सा खर्चको ६० प्रतिशतको हाराहारीमा रहेको छ । दुई वर्षको बीचमा यसको आकार २१ प्रतिशतले बढेको देखिन्छ । सन् २०२९ सम्ममा यसको आकार ९.८ ट्रिलियन अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । आरोग्य रिसोर्ट, आरोग्य बासस्थानजस्ता कार्यमा हुने खर्च १९.५ प्रतिशतले र मानसिक आरोग्यका लागि हुने खर्चमा १२.४ प्रतिशतले वृद्धि भएको छ । नेपाल आरोग्य अर्थतन्त्रको सूचीमा ९१ औं स्थानमा रहेको ( अर्थतन्त्रको आकार २.०२ अर्ब डलर रहेको, जसमा स्वास्थ्यसम्बन्धी खर्च समेत समावेश भएको) छ । आरोग्य र आनन्द एउटै हो त भनने प्रश्न पनि उठ्ने गर्दछ । आरोग्य आनन्द हो भने आनन्द के हो त ? सबै मानिसले खोज्ने साझा कुरा हो-आनन्द । शास्त्रमा भनिएको छ, मानिस तीन प्रकारका तापबाट मुक्त भई सत् चित् आनन्द प्राप्त गर्न चाहन्छ र त्यसप्रति आकर्षित हुन्छ । शरीरभित्रबाट उत्पन्न हुने तापमा मानसिक चिन्ता, दुःख, इर्ष्या, क्रोध, अहंकार पर्दछ भने शरीरबाट उत्पन्न हुने तापमा घाउ, खटिरा, रोग आदि पर्दछन् । त्यस्तै अर्को आफूबाहेक अरुबाट उत्पन्न हुने चिन्तामा प्राकृतिक प्रकोप, अरुका वचनलाई लिन सकिन्छ ।

यसैगरी भगवान् बुद्ध धम्मपदको २०४औं श्लोकमा भन्नुहुन्छ, आनन्द प्राप्तिका लागि दिगो सुख चाहिन्छ, त्यही भएर त श्रीमद्भागवत गीताको छैटौं अध्यायको २१औं श्लोकमा श्रीकृष्ण भन्नुहुन्छ, जुन इन्द्रीय र बौद्धिक सुखभन्दा परको आत्यन्तिक (अन्त नभएको) सुख हुन्छ, त्यो मात्र दिगो हुन्छ, यस्तो सुख ध्यानयोगीले मात्र प्राप्त गर्दछन् । यी विभिन्न धर्मग्रन्थका उल्लेखित कुराहरुलाई अध्ययन गर्दा आनन्द कसरी पाइन्छ ? भन्ने प्रश्नको जवाफ प्राप्त हुन्छ । सबै मानिसको तीन लालसा हुन्छ-भौतिक सुख, स्वस्थ जीवन र खुसी । हाम्रा ऋषिमुनिहरू भौतिक सुखलाई त्याज्य मान्दथे, भौतिक सुखले मनको आनन्दमा पुऱ्याउँदैन भन्ने ठान्दथे आधुनिक युगमा भौतिक सुखलाई नै सर्वोपरि ठानिन्छ । यी दुवै अतिवाद हुन्, त्यसैले हामीले यी दुवै अतिवादबाट माथि उठेर आरोग्यको प्रवर्द्धन गर्नुपर्दछ । वास्तवमा मानिसलाई रोग तीन प्रकारको खराबीले लाग्दछ । पेट खराब भएमा, खानासँग सम्बन्धित र छाती र छातीभित्रका अङ्ग खराब भएमा रोग लाग्दछ । शारीरिक परिश्रमसँग सम्बन्धित समस्यामा टाउको र टाउकोभित्रका अङ्ग खराब भएमा रोग लाग्दछ । मानसिक स्वास्थ्यसँग सम्बन्धितबाहेक शरीर बाहिरका घाउ, चोटपटक हुन्छन्, जसलाई सावधानीले नै हटाउन सकिन्छ । तसर्थ, शरीरको तीन भागलाई स्वस्थ राख्न सकियो भने बचाउन सकियो भने मानिस आरोगी बन्दछ । यसमा रोग लाग्नुभन्दा रोग लाग्नै नदिने अवस्था ल्याउनुपर्छ । समग्रमा आरोग्य तीन कुराको सम्मिश्रणबाट पाइन्छ । शारीरिक परिश्रम, स्वस्थकर खाना तथा योग र ध्यानले मानिसलाई आरोग्य राख्दछ ।

#### योग, ध्यान र आरोग्य

योग सर्वौषधि हो । संस्कृतमा श्लोक छ, योगले सीप बढाउँछ, दुःख नाश गर्छ, योगको अभ्यास गरौं, योगीको जीवन जिऔं । एक अध्ययनका अनुसार कोभिडपछि विश्वमा योग गर्नेको सङ्ख्या १४ प्रतिशत र ध्यान गर्नेको सङ्ख्या नौ प्रतिशतले बढेको देखाएको छ । हाम्रो हावापानी र वातावरण अनि यस्तो स्थानमा गरिने ध्यानले योगबाट पाइने लाभलाई कैयौं गुणा बढाउँछ । योग शारीरिक आसन, श्वासप्रश्वास र ध्यानलाई एकीकृत गर्ने विधि हो । योगको महत्व बुझेर संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष २१ जूनलाई अन्तरराष्ट्रिय योग दिवसको रूपमा घोषणा गरेको छ ।

प्रत्येक वर्ष २१ डिसेम्बरलाई विश्व ध्यान दिवसको रूपमा घोषणा गरेको छ । उचित आहारविहार, प्रकृतिसँगको सामीप्यता, शारीरिक परिश्रम, मानसिक र आत्मिक शान्ति अनि ध्यान योगको प्रतिफल आरोग्य हो । आरोग्यको महत्त्व बुझेर संयुक्त राष्ट्रसङ्घले नेपालको प्रस्तावमा प्रत्येक वर्ष १५ अप्रिललाई अन्तरराष्ट्रिय आरोग्य दिवसको रूपमा मनाउने घोषणा गरेको छ ।

#### आरोग्यका लागि नेपालमा के छ ?

नेपालमा आरोग्यसँग सम्बन्धित हरेक वस्तु र सेवा पाइन्छन् । यही आरोग्यलाई केन्द्रमा राखेर हामीले अभ्यास गर्ने र अरुलाई सहयोग गर्न सक्नुपर्दछ । नेपालमा पर्यटनको प्रशस्त सम्भावना रहे पनि पटकपटक र निरन्तर प्रयास गर्दा पनि नेपालमा पर्यटकको सङ्ख्या अपेक्षित रूपमा बढ्न सकेको छैन । नेपाल भ्रमण वर्ष १९९८ र नेपाल पर्यटन वर्ष २०११ मा लिइएको लक्ष्य वर्षौंसम्म पूरा हुन नसकेको छैन ।

त्यसैले केही प्रश्नको जवाफ खोज्नुपर्ने भएको समय आएको छ । हामीसँग अथाह सम्भावना र अवसर हुँदाहुँदै पनि हामीले यसको उचित विकास, प्रवर्द्धन र प्रचारप्रसार गर्न सकेनौं कि ? अथवा हामीले पर्यटकीय सम्भावना र अवसरको प्राथमिकीकरण गर्नै जानेनौं कि ? अथवा हामीले पर्यटकलाई नेपालमा के छ भनेर बुझाउनै सकेनौं कि ? अथवा हामीले हाम्रो पर्यटनको मूल तत्त्व नै पहिल्याउन सकेनौं कि ? यी प्रश्नहरुको सजिलो जवाफ छ नेपालको पर्यटनको सुस्पष्ट ब्राण्डिङ भएन । हामीले विगतमा सगरमाथाको देश भनेर पनि चिनाएकै हो, प्राकृतिक सौन्दर्यको धनी देश भनेर पनि चिनाएकै हो, भगवान् बुद्धको देश भनेर पनि चिनाएकै हो । तर हामीकहाँ उपलब्ध सबै सम्भावना र अवसरलाई एउटा मूल तत्वमा आबद्ध गर्दै ब्राण्डिङ चाहिँ गर्न सकेनौं । त्यो मूल तत्त्व हो भनेको आरोग्य हो । पर्यटकले खोज्ने आरोग्यसँग सम्बन्धित हर चीज यहाँ उपलब्ध छन्, तिनको विकास र प्रवर्द्धनको खाँचो छ ।

#### आरोग्य पर्यटनको सम्भावना

एक ठाउँबाट अर्को ठाउँमा घुम्न जाने पर्यटकले तीन कुरा चाहन्छ-भौतिक सुख, सबल स्वास्थ्य र खुसी । यसका लागि हामीसँग प्रकृति, भौगोलिक र जैविक विविधता, धर्म, धार्मिक आस्था, सद्भाव र सहिष्णुता, संस्कृति र सांस्कृतिक सम्पदा, सामाजिक जनजीवन, रहनसहन र व्यवहार, कृषि उत्पादन, खाद्यशैली र स्वच्छ पानी, वन पैदावार, शिक्षा, स्वास्थ्य र खेल पर्यटनका लागि अनुकूल वातावरण रहेको छ । त्यति मात्र होइन, वैदिक खोज र अनुसन्धानका लागि उपयुक्तस्थल, सामग्रीको उपलब्धता तथा योग र ध्यानका लागि उपयुक्तस्थल र वातावरण पनि नेपालमा छ ।

यी सम्भावनाहरुको उपयोग र प्रवर्द्धनका लागि सरकार, निजी क्षेत्र र सरोकारवाला निकायहरुबीच सहकार्यको खाँचो पर्दछ । आरोग्य पर्यटनलाई आर्थिक विकासको मुख्य कार्यसूचीका रूपमा पहिचान र विकास, नेपाललाई विश्व आरोग्य गन्तव्य बनाउने पहल, आरोग्य पर्यटन विकास, ब्राण्डिङ, प्रवर्द्धन र बजारीकरण, पर्यटन पूर्वाधार विकास गरी सहज पहुँचको व्यवस्था, सहज सार्वजनिक सेवा र शैक्षिक पाठ्यक्रममा योग र ध्यानका साथै आरोग्य पर्यटनका सामग्री र स्वास्थ्य सेवामा तीन तहका सरकारको भूमिका अझ बढी रहन्छ । खासगरी आरोग्यका क्रियाकलापहरुलाई बढाउन आरोग्य पर्यटन कूटनीति परिचालन, प्रदेश र स्थानीय तहमा रहेका पर्यटकीय गतिविधिहरूमा आरोग्य पर्यटनका क्रियाकलाप समावेश, आरोग्य पर्यटनका प्याकेजहरूको प्रवर्द्धन र प्रचारप्रसारमा जोड दिनुपर्ने हुन्छ ।

यसमा निजी क्षेत्रको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको हुन्छ । आरोग्य पर्यटनका वस्तु र सेवाको विकास, नेपाली उत्पादनको उपभोगलाई बढावा दिई प्रवर्द्धन, आरोग्य पर्यटनको प्रचारप्रसार र बजारीकरणमा सरकारसँग सहकार्य, पर्यटकीय क्षेत्रहरूमा सहज पहुँचको व्यवस्था गर्न निजी क्षेत्रले थुप्रै कामहरु गर्न सक्दछन् । सहज पर्यटकीय सेवा,पर्यटकीय प्याकेजिङका क्रियाकलापमा आरोग्य पर्यटनलाई जोडेर पनि हेर्न सकिन्छ ।

नेपाल आउने विदेशी पर्यटकको सङ्ख्या बढाएर ५० लाख पुऱ्याउन सकिन्छ । उनीहरुको औसत बसाई अवधि आरोग्य पर्यटनका कार्यक्रमबाट थप पाँच दिन कम्तिमा १५ दिन बनाउन सकिन्छ । पर्यटकको दैनिक औसत खर्च पनि बढाएर १५० देखि २०० अमेरिकी डलर पुऱ्याउन तथा पर्यटन क्षेत्रमा थप १० लाख रोजगारी सिर्जना हुनेछ । त्यतिबेला ट्राभल एण्ड ट्रेड कम्पिटिटिभनेस इण्डेक्समा नेपालको स्थान उल्लेख्य वृद्धि हुनेछ ।

नेपाल सरकारले सन् २०२७ लाई आरोग्य वर्षका रूपमा मनाउने निर्णय गरेको छ । नेपाल आरोग्य वर्षको रूपमा मनाउने घोषणा गरेको र पर्यटन दशक मनाउने तयारी गर्दै गरेको सन्दर्भमा आरोग्य पर्यटनलाई नारा बनाई अगाडि बढ्न सकिने अवसर र सम्भावना रहेको छ । प्रत्येक अप्रिल १५ मा आरोग्य दिवस मनाएर मात्र नपुग्ने, साँच्चिकै आरोग्य प्रवर्द्धन गर्न हाम्रो पहल र निरन्तरको प्रयास आवश्यक पर्दछ । (प्रस्तुत विचार नेपाल सरकारका पूर्वमुख्यसचिव तथा जीवन विज्ञान प्रतिष्ठान आरोग्य अध्ययन केन्द्रका संयोजक डा अर्यालसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)


### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

## विवेक र ज्ञानसहित चेतनामा आधारित वैदिक शिक्षा प्रणालीको माग

काठमाडौं । भावीपुस्तालाई विवेक र ज्ञानसहितको शिक्षा प्रदान गर्न चेतनामा आधारित वैदिक शिक्षा पद्धति अवलम्बन गर्नुपर्ने माग गर्दै २२ बुँदे घोषणापत्र जारी भएको छ । नेपाल महर्षि वैदिक फाउण्डेसनले शनिबार दक्षिणकाली नगरपालिका-१ स्थित बोसनमा आयोजना गरेको चेतनामा आधारित शिक्षासम्बन्धी एकदिने राष्ट्रिय सम्मेलनमा योग, ध्यान समावेश गरी संस्कारसहितको शिक्षा दिनुपर्ने घोषणा गरिएको हो ।

महर्षि वैदिक शिक्षा अर्थात् चेतनामा आधारित शिक्षाले व्यक्तिलाई स्वप्रकाशितता र राष्ट्रलाई अजेयता दिने भएकाले यसका लागि २२ बुँदे घोषणापत्र जारी गरिएको जनाइएको छ । कार्यक्रममा प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति समीक्षा बाँस्कोटाले योग, ध्यान र आरोग्यसम्बन्धी विषय सरकारले १०० बुँदे कार्यक्रममा राखेर चेतनामा आधारित शिक्षालाई प्रवर्द्धन गर्न खोजेको बताउनुभयो । चेतनामा आधारित शिक्षालाई पाठ्यक्रममा राख्ने गरी नीतिनिर्माण गरिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले यसका लागि समितिका तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । दक्षिणकाली नगरपालिकाका प्रमुख मोहनबहादुर बस्नेतले आगामी वर्षको नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटमा चेतनामा आधारित शिक्षालाई समावेश गरिने प्रतिबद्धता जनाउनुभयो । नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयमा यही शैक्षिक सत्रदेखि चेतनामा आधारित पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न लागिएको पनि उहाँले बताउनुभयो । फाउण्डेसनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले नेपालमा शैक्षिक सुधारका लागि चेतनामा आधारित शिक्षाको वकालत गर्दै आइएको बताउनुभयो । चेतनामा आधारित शिक्षाका लागि नमूना विद्यालय स्थापना गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

भावीपुस्तालाई अक्षर र अङ्कको ज्ञान मात्र नभई उनीहरूको भित्री चेतनाको असीम क्षमतालाई प्रस्फुटन गराउने एक विशेष प्रणाली नै चेतनामा आधारित शिक्षा हो । यो आधुनिक शिक्षा प्रणालीभन्दा धेरैमाथि उठेर विद्यार्थीलाई केवल जानकारीको भारी बोकाउनेभन्दा पर उनीहरूभित्र लुकेको वास्तविक ज्ञान, विवेक र सृजनशीलताको खानी पत्ता लगाउन सघाउने एक वैज्ञानिक पद्धतिका रूपमा विकास गरिने घोषणापत्रमा उल्लेख छ ।

यो शिक्षाले विद्यार्थीहरूलाई किताबी ज्ञानको संसारमा विचरण गराउँदै गर्दा उनीहरूको अन्तर्मनको गहिराइमा डुबुल्की मार्न सिकाउँछ । योगासन, प्राणायाम, भावातीत ध्यान, यौगिक उडान सहितको सिद्धि र अन्य वैज्ञानिक रूपमा प्रमाणित चेतना विकासका प्रविधिहरू यस पाठ्यक्रम का अभिन्न अङ्गका रूपमा रहन्छन् । यस्तो शिक्षा पद्धतिले कलिला मस्तिष्कलाई शान्त, एकाग्र र ग्रहणशील बनाउँछन् । तनावमुक्त, आनन्दित वातावरणमा विद्यार्थीले सिकेका कुरा उनीहरूको जीवनको हिस्सा बन्छन् ।

यस शिक्षा पद्धतिको आधारभूत तत्व भावातीत ध्यान तथा सिद्धिको अभ्यासले गर्दा विद्यार्थीको स्मरणशक्ति बढ्ने भएकाले यस प्रणालीलाई जोड दिइएको फाउण्डेसनका अध्यक्ष बाँस्कोटाले बताउनुभयो । "विद्यार्थीमा भएको रचनात्मकताले नयाँ उडान भर्छ । समस्यालाई अवसरमा बदल्ने अद्भुत क्षमता विकास हुन्छ र निर्णय लिन सक्ने आत्मविश्वासले विद्यार्थी भरिपूर्ण हुन्छन्", उहाँले भन्नुभयो ।

वैदिक दर्शनबाट आएको चेतनामा आधारित शिक्षालाई विभिन्न वैज्ञानिक अनुसन्धानले प्रमाणित गरेका छन् । यसबाट विद्यार्थीमा नैतिक मूल्य मान्यताको बिजारोपण हुन्छ । भावनात्मक रूपमा सन्तुलित बन्दै जीवनका हरेक उतारचढावलाई सहजताले स्वीकार गर्न सिक्छन् । शिक्षाबाट दीक्षित विद्यार्थीहरू केवल परीक्षामा उत्कृष्ट अङ्क ल्याउने प्रतिस्पर्धी मात्र नभएर जीवनको परीक्षामा सफल हुने संवेदनशील, करुणाले भरिपूर्ण र जिम्मेवार नागरिक बन्छन् ।

नेपालमा कहिले र कसरी सुरु भयो चेतनामा आधारित शिक्षा ?

नेपालमा सन् २०१२ मा तक्षशिला एकेडेमी, तिलिङ्गाटार माध्यमिक विद्यालय र सैनिक आवासीय महाविद्यालयमा भावातीत ध्यान सिकाउन सुरुवात गरी यो शिक्षा पद्धति सुरु भएको हो । सन् २०१२ मा दुई जना ध्यान शिक्षकलाई चेतनामा आधारित शिक्षाको तालिमको लागि नेदरल्याण्ड पठाइएको थियो । सन् २०१२ मा चार जना नेपाली सहभागीलाई भारतको ब्रह्मस्थानमा चेतनामा आधारित शिक्षाको तालिमका लागि पठाइयो । सन् २०१३ मा माउन्ट एभरेष्ट स्कूल, भक्तपुरमा भावातीत ध्यानको सुरुवात भएको थियो । सन् २०१३ मा तिलिङ्गाटार माध्यमिक विद्यालय, माउन्ट एभरेष्ट र सैनिक आवासीय महाविद्यालयका छ जना शिक्षक शिक्षिकालाई भावातीत ध्यान शिक्षक तालीमका लागि थाइल्याण्ड पठाइएको थियो ।

सन् २०१३ मा पाँच जना ध्यान शिक्षक तथा विद्यालय शिक्षकलाई चेतनामा आधारित शिक्षाको तालीमको लागि नेदरल्याण्ड पठाइएको थियो । सन् २०१४ मा एक जना शिक्षिकालाई चेतनामा आधारित शिक्षाको तालिमको लागि नेदरल्याण्ड पठाइएको थियो । सन् २०१५ मा सैनिक आवासीय महाविद्यालयमा नेदरल्याण्डमा दिइने चेतनामा आधारित शिक्षाको १५ दिनको तालिम सम्पन्न भएको थियो । सो तालिममा ५२ जना शिक्षक-शिक्षिकाको सहभागिता थियो । सन् २०१५ मा चितवन र पोखरामा रहेका सैनिक आवासीय महाविद्यालय, भक्तपुरको माउन्ट एभरेष्ट र दाङको ज्योतिष्मती विद्यापीठबाट पाँच जनालाई ध्यान शिक्षकको तालिमको लागि थाइल्याण्ड पठाइएको थियो । सन् २०१६ मा नेदरल्याण्डमा दिइने चेतनामा आधारित शिक्षाको तालिम नेपालमा आयोजना गरिएकामा २३ जनाको सहभागिता थियो । सन् २०१६ मा ज्योतिष्मती विद्यापीठ लमहीमा भावातीत ध्यान सिकाउन सुरु गरिएको थियो ।

सन् २०१६ मा नेपालमा चेतनामा आधारित शिक्षाको सेमिनार आयोजना गरिएको थियो । कार्यक्रममा शिक्षा मन्त्रालय तथा विभिन्न संस्थाबाट शिक्षाविद् तथा शिक्षकहरूका साथै अन्य विषय विज्ञको पनि सहभागिता थियो । सन् २०१७ मा चेतनामा आधारित शिक्षाअन्तर्गत व्यावसायिक विकास कोर्ष-१ को तालिमको आयोजना गरिएको थियो । कार्यक्रममा ३२ जना सहभागी भएका थिए । सन् २०१८ मा महर्षि आदर्श शिक्षण तालिमको आयोजना गरिएको थियो ।

सन् २०१९ मा तिलिङ्गाटार माध्यमिक विद्यालयका शिक्षक शिक्षिका तथा सैनिक आवासीय महाविद्यालयका प्राचार्यलाई चेतना विज्ञानको तालिम दिइएको थियो । ज्योतिष्मति विद्यापीठ लमही, दाङ तथा तिलिङ्गाटार माध्यमिक विद्यालय धापासीका शिक्षक शिक्षिकालाई व्यावसायिक विकास कार्यक्रमअन्तर्गत चेतनामा आधारित शिक्षा १ र २ को तालिम प्रदान गरिएको थियो । दुई विद्यालयका विद्यार्थीलाई चेतना विज्ञानका १६ मध्ये आठ सिद्धान्तको पाठ्यक्रम सञ्चालन गरिएको थियो । यो कक्षा जुम प्रविधिमार्फत गरिएको थियो । यस कार्यक्रमको निरन्तरता प्रत्येक शैक्षिक सत्रमा हुँदै आएको छ ।

सन् २०२३ देखि क्रिएटीभ एकेडेमीमा सबै शिक्षक शिक्षिका र कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई भावातीत ध्यान सिकाएर चेतनामा आधारित शिक्षाको सुरुवात गरिएको थियो । सन् २०२४ मा दक्षिणकाली नगरपालिकाका आदिनाथ माध्यमिक विद्यालय र प्याराडाइज एकेडेमीका शिक्षक शिक्षिकालाई भावातीत ध्यान सिकाएको थियो । सन् २०२५ देखि सुदूरपश्चिम प्रदेशको चैतन्य पाठशाला मा चेतनामा आधारित शिक्षाको सुरुवात गरिएको छ । नेपाली पण्डितहरूद्वारा अन्तरराष्ट्रिय ग्रहशान्ति यज्ञ २०७० सालदेखि सिफलमा, २०७२ सालदेखि भूमही नवलपरासीमा र २०७५ सालदेखि झापामा प्रारम्भ गरी चेतनामा आधारित शिक्षालाई विस्तार गरिएको छ ।

## धनुषामा राजगुठी सम्पत्तिको अतिक्रमण हटाउन गुठी संस्थानको सूचना

काठमाडौं । गुठी संस्थानले धनुषा जिल्लाभित्र रहेका राजगुठीका मठ-मन्दिर परिसर, पोखरीका डिल तथा गुठी तैनाथी जग्गामा भएको अतिक्रमण तत्काल हटाउन जरुरी सार्वजनिक सूचना जारी गरेको छ ।

गुठी संस्थानद्वारा शनिबार जारी सूचनाअनुसार धनुषा जिल्लाका विभिन्न स्थानमा रहेका राजगुठीका मठ-मन्दिर परिसर, पोखरीका डिल तथा गुठी तैनाथी जग्गा केही व्यक्ति तथा संस्थाले अनधिकृत रूपमा अतिक्रमण गरी संरचना निर्माणसमेत गरेर भोगचलन गरिरहेको पाइएको छ ।

यस्तो कार्यले सार्वजनिक तथा धार्मिक महत्वका सम्पत्तिको संरक्षणमा चुनौती सिर्जना गरेको भन्दै गुठी संस्थानले सम्बन्धित सबैलाई तत्काल अतिक्रमण हटाउन आग्रह गरेको छ । सूचनाको अवज्ञा गरी अनधिकृत संरचना वा कब्जा कायम राखिएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही अघि बढाइने संस्थानले स्पष्ट गरेको छ ।

गुठी संस्थानले राजगुठीअन्तर्गतका मठ-मन्दिर, पोखरी तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापन सबै सरोकारवालाको साझा दायित्व भएको उल्लेख गर्दै सार्वजनिक सम्पत्तिको संरक्षणमा सहयोग गर्न स्थानीयवासी, सम्बन्धित निकाय तथा अतिक्रमणकारीलाई आह्वान गरेको छ ।

## अद्यावधिक छुटेका कांग्रेसका क्रियाशील सदस्यले असार २० गतेभित्र निवेदन दिन सक्ने

काठमाडौं । नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्न तोकिएको समयसीमाभित्र विविध कारणले वडाबाट नवीकरण र अद्यावधिक गर्न छुट भएका क्रियाशील सदस्यहरुले आगामी असार २० गतेभित्रमा निवेदन दिन सक्ने जनाएको छ ।

कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको शनिबारको बैठकले छुटेका निरन्तरतासहित अद्यावधिक गर्न चाहने क्रियाशील सदस्यहरुले असार २० गतेभित्र केन्द्रीय कार्यालयमा निवेदन दिन सक्ने निर्णय गरेको हो ।

पार्टीका महामन्त्री एवं समितिका संयोजक प्रदीप पौडेलको अध्यक्षतामा बसेको बैठकले पार्टीको १५औं महाधिवेशन का लागि सञ्चालन गरिएको क्रियाशील सदस्यता अद्यावधिक अभियानलाई सफल बनाउन सक्रिय रूपमा सहभागी हुनुहुने सबैप्रति धन्यवाद व्यक्त गरेको छ ।

कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक अभियानअन्तर्गत डिजिटल प्रणालीमा रहेका कुल सात लाख ८२ हजार २०९ क्रियाशील सदस्यहरूमध्ये यही जेठ २८ गते राति १२:०० बजेसम्म कुल छ लाख ८७ हजार ९३१ क्रियाशील सदस्यहरूको विवरण 'डिजिटल' प्रणालीमा प्रविष्ट भएको समितिले जनाएको छ ।

यसरी 'अनलाइन'मार्फत प्रविष्ट भएका फाराम वडा तहबाट आगामी असार ५ गतेभित्र अनुमोदन गरिसक्न सदस्यता व्यवस्थापन केन्द्रीय समितिले निर्देश गरेको छ । तोकिएको समयसीमाभित्र वडा तहबाट अनुमोदन नभएमा विधानबमोजिम क्रियाशील सदस्यता प्राप्त गर्न/नवीकरण गर्न योग्य सदस्यहरुलाई केन्द्रले स्वतः अनुमोदन गर्ने व्यवस्था मिलाइने छ ।

इन्टरनेटको पहुँच अति कम भएका उच्च हिमाली क्षेत्रका केही जिल्लाहरु, विकट पहाडी जिल्लाका केही पालिकाहरु तथा क्रियाशील सदस्यता अद्यावधिक ढिलाइ भएका बारा र खोटाङ जिल्लाका हकमा क्रियाशील सदस्यता अद्यावधिक गर्ने समय आगामी असार ७ गतेसम्म कायम गरिएको छ ।

कांग्रेससँग आबद्ध विदेशस्थित नेपाली जनसम्पर्क समितिहरूका हकमा क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्य आगामी असार १० गतेसम्म कायम गरिएको छ । साथै क्रियाशील फाराम तथा अनलाइनमार्फत नयाँ क्रियाशील सदस्यता वितरण कार्य असार २० गतेसम्मका लागि कायम गरिएको छ ।

क्रियाशील सदस्यता नवीकरण गरी अद्यावधिक गरिएका र नयाँ क्रियाशील सदस्यता वितरण गर्दा शुल्क नबुझाएको भए त्यस्ता क्रियाशील सदस्यहरुलाई यथाशीघ्र शुल्क बुझाउन आग्रह गरिएको छ । तोकिएको शुल्क नबुझाउने क्रियाशील सदस्यले १५औं महाधिवेशन प्रक्रियामा भाग लिन नपाउने समितिको निर्णय छ ।

विविध कारणले अद्यावधिक गर्न छुट हुन गएका वडाहरुले आफ्नो वडाभित्र क्रियाशील सदस्यता अद्यावधिक हुन बाँकी रहेका क्रियाशील सदस्यहरुको सङ्ख्या खुलाई सोको अद्यावधिकका लागि आवश्यक पर्ने समयावधि सात दिन नबढ्ने गरी केन्द्रीय कार्यालयको इमेलमा निवेदन दिन सकिने छ ।

क्रियाशील सदस्यता अद्यावधिक र नयाँ वितरणलाई कांग्रेसको १५औं महाधिवेशनको मूल कार्यतालिका प्रभावित नहुने गरी समय मिलान गरिदिन केन्द्रीय समितिमा सिफारिस गर्ने पनि समितिको निर्णय छ । समितिले कांग्रेसको विधानअनुसार ३५ वर्षमुनिका युवाहरुलाई क्रियाशील सदस्यता वितरण गर्न युवा केन्द्रित अभियान सञ्चालन गर्ने निर्णयसमेत गरेको छ ।

## बिर्तामोडमा दुईदिने रोजगार मेला सुरु

सुरुङ्गा । झापाको बिर्तामोड नगरपालिकाको आयोजनामा 'बिर्तामोड रोजगार मेला' शनिबारदेखि सुरु भएको छ । स्थानीय तहमा उपलब्ध रोजगारीका अवसरबारे जानकारी गराउने, रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने तथा सीपयुक्त जनशक्तिलाई उपयुक्त क्षेत्रमा आबद्ध गराउने उद्देश्यसहित मेलाको आयोजना गरिएको हो ।

बिर्तामोडस्थित अतिथि सदनमा सुरु भएको दुईदिने मेलाको शनिबार बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाईं र बिर्तामोड उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजु न्यौपानेले संयुक्त रूपमा उद्घाटन गर्नुभयो । समारोहमा रोजगार सिर्जना र स्वरोजगार प्रवर्द्धनका लागि स्थानीय तह, निजी क्षेत्र र सरोकार भएका विभिन्न संस्थाबीच सहकार्य आवश्यक रहेकामा जोड दिइएको थियो ।

कार्यक्रममा बिर्तामोड नगर नगरपालिकाका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, वडा नं २ का वडाध्यक्ष किशोर पौडेल, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायी तथा रोजगारी खोजिरहेका युवायुवतीको सहभागिता थियो । मेलामा विभिन्न क्षेत्रका रोजगारदाताले आफ्ना कक्ष (स्टल) मार्फत उपलब्ध रोजगारी, आवश्यक योग्यता, सीप विकासका अवसर तथा संस्थागत गतिविधिबारे जानकारी प्रदान गरिरहेका छन् ।

रोजगारदाताका स्टलमा सहभागीहरूले आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव र रुचीअनुसार रोजगारीका सम्भावनाबारे जानकारी लिने तथा आवश्यक परे आवेदनसमेत दिनसक्ने व्यवस्था मिलाइएको नगरपालिकाका प्रवक्ता पाण्डेले जानकारी दिनुभयो । मेलाले स्थानीयस्तरमा उपलब्ध अवसरबारे जानकारी अभावका कारण बेरोजगार रहनुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

## अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन् गर्ने सवारीसाधान नियन्त्रणमा

ढोरपाटन (बागलुङ) । जिल्ला प्रहरी कार्यालयले कालीगण्डकी नदीबाट अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन् र ओसारपसार गर्ने सवारी साधन नियन्त्रणमा लिएको छ । प्रहरीले नदी आसपास र विभिन्न सडकखण्डमा चाँच गर्दा पाँच वटा सवारीसाधान नियन्त्रणमा लिएको हो ।

अवैध रूपमा बालुवा उत्खनन् गरी ढुवानी गर्दै गरेको अवस्थामा प्रहरीले दुई वटा टिपर र तीन वटा ट्याक्टर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले जानकारी दिनुभयो । उहाँका अनुसार ती सवारीसाधान बागलुङ नगरपालिका-१ मालढुङ्गाबाट नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएका सावारीसाधानलाई कारबाहीका लागि बागलुङ नगरपालिकामा पठाएको प्रहरी नायब उपरीक्षक त्वातीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सवारी चेकजाँचका क्रममा अवैध रूपमा उत्खनन् गरी ओसारपसार गरिरहेका सवारी साधानलाई नियन्त्रणमा लिएका छौँ ।

जिल्लाभरमा रही यस खालको कार्यमा संलग्न सवारीलाई नगरपालिकाले जरिवाना गर्नेछ । प्रहरीले ठाउँठाउँमा पाँच गर्दै आएको छ, अवैध भएको थाहा पाउँनासाथ नियन्त्रण लिन्छौं ।"

# क्यान्भासमा उतारिए मध्यपुरका सम्पदाहरू

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । मध्यपुर थिमिको संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले २५ जना कलाकारले क्यान्भासमा यहाँका २५ सम्पदा उतारेका छन् । गत शनिबारदेखि सुरु भएको 'चित्रकलामा मध्यपुरका सम्पदाहरू' शीर्षकको कार्यशाला आयोजना गरी कलाकारले चित्रण गरेका चित्रकला आज यहाँको बोडेमा प्रदर्शन गरिएको छ ।

यहाँ २० वटा भौतिक र चार वटा अभौतिक सम्पदाका चित्र क्यान्भास मा सजिएका छन् । आज बोडेस्थित मध्यपुर थिमी नगरपाकिला वडा नं ८ को प्राङ्गण महालक्ष्मीस्थानमा उक्त चित्रकला प्रदर्शन गरिएको छ ।

मध्यपुर थिमि नगरपालिका–८ बोडेको आयोजना तथा एमेजिङ आर्ट एन्ड ट्रेनिङ सेन्टरको संयोजनमा उक्त कार्यक्रम सुरु भएको हो । कार्यशालामा शनिबारीय स्थलगत चित्रकला कार्यशाला अभियानको सहकार्य छ । प्रदर्शनीका अवसरमा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले दैनिक रूपमा हिँड्दा देखिरहने क्षेत्रलाई क्यान्भासमा नियाल्दा छुट्टै आनन्द र मौलिकता देखिएको बताउनुभयो । उहाँले यस क्षेत्रमा ७५० भन्दा बढी मूर्तअमूर्त सम्पदा रहेका जानकारी दिँदै यो चित्रकला कार्यशाला र प्रदर्शनीले पालिकाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान गरेको उल्लेख गर्नुभयो । यस क्षेत्रलाई पर्यटन विकास गर्ने योजनासहित कार्यशाला आयोजना गरिएको बताउँदै नगरप्रमुख श्रेष्ठले यहाँका कला, संस्कृति र पर्वहरू राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रसम्म देखाउन आवश्यक रहेको उल्लेख गर्नुभयो । यस्ता कला कार्यशाला व्यापक बनाउनुपर्नेमा जोड दिँदै उहाँले त्यसका लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

मध्यपुर थिमि नगरपालिका–८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठले सम्पदाहरूको चित्र उतारेर सहयोग गर्ने कलाकारलाई धन्यवाद दिँदै जीवन्त सम्पदाको चित्रकलामा दस्तावेजीकरण भएको बताउनुभयो । यहाँ भौतिक र अभौतिक सम्पदा धेरै रहेका भन्दै ती सम्पदाको प्रचारप्रसार नहुँदा बिक्री गर्न नसकिएको उल्लेख गर्नुभयो । यस्ता कार्यक्रम आयोजना गरी पर्यटन प्रवर्द्धन गर्ने योजना रहेको जनाउँदै उहाँले पर्यटन क्षेत्रबाट आर्थिक रुपान्तरण गर्ने सोचका साथ काम थालिएको बताउनुभयो । शनिबारीय चित्रकला कार्यशाला अभियानका कार्यक्रम संयोजक दिवेश प्रधानले आज २५ वटा सम्पदालाई चित्रमा उतारेर हस्तान्तरण गरिएको जनाउँदै यसमार्फत प्रचारप्रसरा भई पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो । यसअघि पनि मध्यपुरमा चित्रकला कार्यशाला आयोजना गरेर यहाँको सम्पदाको संरक्षणमा आफूहरूले काम गरिसकेको उल्लेख गर्दै उहाँले यहाँ २० वटा भौतिक र पाँच अभौतिक गरी मध्यपुरका विभन्नि २५ वटा सम्पदा क्यान्भासमा उतारिएको जानकारी दिनुभयो ।

उक्त कार्यशालामा सहभागी कलाकारहरू राजेन्द्र याकामीले 'सिद्धिकाली', दिपेन्द्रमान बनेपालीले 'दिगु भैरव', दिवेश प्रधानले 'गुँग: चिवा:', पुण्यराम माताँले 'सिद्धीगणेश', कान्छाकाजी भासिमाले 'भूलाँखेल', झलक केसीले 'नारायणम लाछी', हरि प्रजापतिले 'जिब्रो छेड्ने जात्रा', प्रविण श्रेष्ठले 'भैरव नाच', कृष्णपुकार श्रेष्ठले 'नारायण मन्दिर', जुजुभाई बासैं श्रेष्ठले 'नीलबाराही', लक्ष्मीप्रसाद खोटेजाले 'विष्णुविट' र रुविन वादेले 'पाँचो गणेश' उतार्नुभएको छ ।

त्यस्तै, कलाकार लाक्पा शेर्पाले 'स्तुपा', मिलन थापाले 'दक्षिण बाराही', मङ्गलकृष्ण प्रजापतिले 'बिस्केट जात्रा', चन्द्रा श्रेष्ठले 'चपाचो गणेश', राधेश्याम कर्माचार्यले 'लोकेश्वर', गौरीमाया कोजुले 'प्रथम गणेश', सुन्दर श्रेष्ठले 'स्वेतभैरव', अर्वित प्रजापतिले 'बोदे', विशाल मानन्धरले 'पुलिकिसी', अजेश तृक्षले 'निलबाराही नाच', विवेश श्रेष्ठले 'कुमारी पार्क' र पूजा दुवालले 'महालक्ष्मी'लाई क्यान्भासमा उतार्नुभएको छ । चित्रलाई 'बुकलेट'का रूपमा प्रचारप्रसार गर्न उपयोग गरिने र सङ्ग्रहालय बनाएर राख्ने योजना रहेको वडाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

# अठार हजार बालबालिकामा शीघ्र कडा कुपोषण

काठमाडौं । सरकारले सञ्चालन गरेको 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' का क्रममा करिब १८ हजार बालबालिका शीघ्र कडा कुपोषणबाट ग्रसित देखिएका छन् । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बालबालिकाको पोषणको अवस्था पत्ता अभियान सञ्चालन गरेको हो ।

अभियानको तथ्याङ्क सार्वजनिक गर्दै १८ हजार ३०९ बालबालिकामा कडा शीघ्र कुपोषण देखिएको स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले जानकारी दिनुभयो । उहाँका अनुसार अभियानको क्रममा १० लाख ३५ हजार २०१ बालबालिकामा परीक्षण गरिएकामा १८ हजार ३०९ जना बालबालिका शीघ्र कडा कुपोषितबाट ग्रसित देखिएका हुन् ।

जाँच गर्दा ८८ हजार २०५ बालबालिकामा शीघ्र कुपोषित रहेका पाइएको पोषण शाखा प्रमुख थापाले बताउनुभयो । सरकारले गत वैशाख १५ देखि जेठ १५ गतेसम्म छ महिनादेखि ५९ महिनासम्मका बालबालिकाको पोषण अवस्था जाँच गर्न, शीघ्र कुपोषणको समयमा पहिचान र उपचार गर्न अभियान सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो । "यसपटक हामीले देशभरि नै अभियान सञ्चालन गरेको हुनाले कडा शीघ्र कुपोषण भएका बालबालिका धेरै देखिएका हुन्", पोषण शाखा प्रमुख थापाले भन्नुभयो, "शीघ्र कडा कुपोषण सङ्ख्या धेरै देखिएकाले आगामी दिनमा सोहीअनुसार योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नेछौं ।" कडा शीघ्र कुपोषण सबैभन्दा बढी मधेश प्रदेशका आठ हजार ३८०, लुम्बिनीमा तीन हजार १५, सुदूरपश्चिममा एक हजार ७५८, कोशीमा एक हजार ५९०, कर्णालीमा एक हजार ५०३, बागमतीमा एक हजार ४०१ र गण्डकी प्रदेशमा ६६२ जनामा देखिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार कडा शीघ्र कुपोषण भएका बालबालिका ख्याउटे, करङ्ग देखिने खालका हुन्छन् ।

यस्तो किसिमको कुपोषण लागेका बालबालिकालाई 'तयारी उपचारात्मक खाना' दिने भएकाले उक्त तयारी खाना खाएपछि बालबालिका स्वास्थ्य हुने पोषण शाखा प्रमुख थापाले बताउनुभयो । तयारी खाना दिँदा पहिलेको अवस्थामा नआएका बालबालिकाका लागि देशभर २५ वटा पुन:स्थापना केन्द्रमार्फत आमा र बच्चा दुवैलाई दैनिक रूपमा हेरेर तयारी खाना खुवाउने गरिएको उहाँले जानकारी दिनुभयो । यस्तै शीघ्र कुपोषण पनि सबैभन्दा बढी मधेस प्रदेशमा ३८ हजार ९४८ जना बालबालिकामा देखिएको पोषण शाखा प्रमुख थापाले जानकारी दिनुभयो । उहाँका अनुसार लुम्बिनीमा १७ हजार ८७९, सुदूरपश्चिममा नौ हजार ३४४, कोशीमा छ हजार ५९६, बागमतीमा छ हजार ४८०, कर्णालीमा पाँच हजार ९८९ र गण्डकी प्रदेशमा दुई हजार ९६९ जनामा देखिएको छ । शीघ्र कुपोषण भएका बालबालिका दुब्लाउने, उमेरअनुसार तौल नहुने, लुरे हुने गर्दछन् । सरकारले आगामी वर्षदेखि बालबालिका र आमाको पोषणको अवस्था 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' लाई नियमित कार्यक्रममा समावेश गर्ने तयारी गरिसकेको शाखाका प्रमुख थापाले बताउनुभयो ।

# फलफूल तथा तरकारी ढुवानीमा विशेष सुविधा दिनुपर्नेमा जोड

नारायणगढ । फलफूल तथा तरकारी नाशवान वस्तु भएकाले यस्ता कृषिउपज को ढुवानीमा एम्बुलेन्ससरह विशेष सुविधा उपलब्ध गराउन राज्यसँग पहल गर्नुपर्नेमा सरोकार भएकाहरू जोड दिएका छन् ।

फलफूल तथा तरकारी थोक व्यवसायी सङ्घ चितवनको २५औं वार्षिक साधारणसभा तथा १०औं अधिवेशनलाई सम्बोधन गर्दै नेपाल फलफूल तथा तरकारी व्यवसायी महासङ्घका अध्यक्ष भरतप्रसाद खतिवडाले बन्द, हडताल तथा अन्य अवरोधका कारण फलफूल तथा तरकारी ढुवानी प्रभावित हुँदा ठूलो परिमाणमा क्षति हुने भएकाले यस्ता वस्तुको ढुवानीलाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले फलफूल तथा तरकारीको उत्पादनसँगै बजारीकरण र बजार व्यवस्थापनका लागि सरकारले प्रभावकारी नीतिगत व्यवस्था गर्न नसक्दा समस्या उत्पन्न भएको धारणा राख्नुभयो । "हरेक वर्ष किसानले उत्पादन गरेका फलफूल तथा तरकारीले उचित मूल्य र बजार पाउन नसकेको खबर आउँछन् । नेपालमा उत्पादन भएका फलफूल तथा तरकारी भारतसहित अन्तरराष्ट्रिय बजारसम्म पुग्न सके मात्र राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्नेछ । यसका लागि व्यवसायीहरू एकजुट भएर आवाज उठाउन आवश्यक छ", अध्यक्ष खतिवडाले भन्नुभयो ।

उहाँले फलफूल तथा तरकारी व्यवसायसँग सम्बन्धित सरोकार भएका पक्षको भूमिकालाई थप प्रभावकारी बनाउँदै कृषि उत्पादन वृद्धि र व्यवस्थित बजारीकरणका लागि आवश्यक नीति निर्माणमा महासङ्घले सक्रिय भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो । नेपाल फलफूल तथा तरकारी व्यवसायी सङ्घ हेटौँडाका अध्यक्ष कृष्णप्रसाद हुमागाईंले सङ्घको गरिमा कायम राख्दै व्यवसायीको हकहित र सुरक्षाका विषयमा सक्रियतापूर्वक काम गर्ने नेतृत्व चयन गर्न आग्रह गर्नुभयो । सरकारले स्थानीय उत्पादनको बजारीकरण मा योजनासहित प्रभावकारी नीति लागू गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । चितवन उद्योग वाणिज्य सङ्घका अध्यक्ष चीरञ्जीवी सुवेदीले फलफूल तथा तरकारी व्यवसायीका समस्या समाधानका लागि सहकार्य र समन्वय गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कृषिजन्य उत्पादनको बजारीकरणमा संलग्न व्यवसायीलाई बिचौलियाका रूपमा चित्रित गरेर निरुत्साहित गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उहाँको भनाइ छ । चितवन उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष एवं वस्तुगत सङ्घका संयोजक राजन पियाँले फलफूल तथा तरकारी व्यवसायीका समस्या समाधानमा उद्योग वाणिज्य सङ्घले सहयोग, समन्वय र सहकार्य गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले फोहरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन पहल गरिने उल्लेख गर्दै चितवनलाई अर्गानिक फलफूल तथा तरकारी उत्पादनको केन्द्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

चितवन केरा उत्पादक सङ्घका अध्यक्ष घननाथ महतोले केरा मात्र नभई फलफूल, तरकारी, धान, मकैलगायत सबै कृषि उपज उत्पादन गर्ने किसान र व्यवसायी एकताबद्ध भएर कृषि व्यवसायलाई थप सफल बनाउनुपर्नेमा जोड दिनुभयो ।

सङ्घका पूर्वअध्यक्ष शालिकराम घिमिरेले फलफूल तथा तरकारी व्यवसायीका समस्याबारे राज्यका सरोकार भएका निकायमा पटकपटक ध्यानाकर्षण गराउँदा सुनुवाइ नभएको गुनासो गर्नुभयो । सङ्घका पूर्वअध्यक्ष थीरप्रसाद धितालले सङ्घ स्थापनापछि व्यवसायीलाई सङ्गठित गर्दै उत्पादित उपजको उचित मूल्य सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो ।

# रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णय

काठमाडौं । सरकारले सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग ( रावल आयोग)को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने निर्णय गरेको छ । शनिबारको मन्त्रिपरिषद् बैठकले विगत ३१ वर्षअघि सिफारिस भएर पनि हालसम्म कार्यान्वयन मा आउन नसकेको उक्त प्रतिवेदनलाई कार्यान्वयनमा लैजाने निर्णय गरेको हो ।

बैठकले सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट सरकारको नाममा जारी भएको निर्देशनात्मक आदेशलाई शिरोधार्य गरी प्रतिवेदन कार्यान्वयनमा लैजाने गर्ने भएको हो । सर्वोच्च अदालतको उक्त आदेशलाई टेकेर देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख (लगत)राखी त्यस्ता जग्गाको संरक्षण गर्ने निर्णय भएको जनाइएको छ । बैठकले यी दुवै निर्णय कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिएको छ । उक्त निर्णयसँगै २०२१ सालको नापीका आधारमा रावल आयोगको प्रतिवेदनले समेटेको तत्कालीन काठमाडौं महानगर क्षेत्रका ३५ वटै वडामा अतिक्रमण भएका सम्पूर्ण (एक हजार ८५९ रोपनी १४ आना तीन पैसा तीन दाम) सार्वजनिक तथा सरकारी जग्गाहरू खाली गर्ने बाटो खुलेको छ । शुक्रबारको मन्त्रिपरिषद् बैठकको निर्णयसँगै प्रतिवेदन कार्यान्वयनमा लैजान बाटो खुलेको छ, यो काम भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित सबै निकायहरूसँगको समन्वयमा आवश्यक कानुनी प्रक्रिया पूरा गरेर सम्पादन गरिनेछ ।"

# पाल्पामा ८४२ एचआइभी सङ्क्रमित

तानसेन । जिल्लामा हालसम्म ८४२ जना ह्युमन इम्युनोडेफिसिएन्सी भाइरस ( एचआइभी) सङ्क्रमित छन् । जिल्लास्थित स्वास्थ्य कार्यालयका क्षयकुष्ट रोग अधिकृत विश्वनाथ न्यौपानेका अनुसार जिल्लामा हालसम्म रहेका एचआइभी सङ्क्रमितमध्ये ३५४ जनाले नियमित औषधि सेवन गरिरहेका छन् ।

विभिन्न कारणले एचआइभी सङ्क्रमण भएकाहरूले पाल्पा अस्पताल र रामपुर अस्पतालका 'एआरटी सेन्टर' बाट नियमित औषधि सेवन गरिरहेका हुन् । औषधि सेवन गर्नेमध्ये १२ जना बालबालिका रहेका न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा पाँच जना एचआइभी सङ्क्रमितको मृत्यु भएको थियो ।

जिल्लामा सङ्क्रमितको सङ्ख्या थप हुन सक्ने भन्दै क्षयकुष्ट रोग अधिकृत न्यौपानेका अनुसार अपमान, भेदभाव र लाञ्छनाका कारण समाजमा खुल्न सकिरहेका छैनन् । समाज हुनसक्ने तिरस्कारको डरले अझै पनि केही सङ्क्रमित खुल्न नसकेका उहाँको भनाइ छ । नेपालमा सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशिनेहरू एचआइभीको उच्च जोखिममा रहेका उहाँले जानकारी दिनुभयो ।

यसैबीच, स्वास्थ्य कार्यालय पाल्पाले सचेतना फैलाउन जनप्रतिनिधि, पत्रकार, प्रहरी र एचआइभी सङ्क्रमित तथा जोखिम समूहबीच अभिमुखीकरण कार्यक्रम गरेको छ । कार्यक्रममा सहभागीहरूले एचआइभी सङ्क्रमितले नियमित रूपमा चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गर्नुपर्नेमा जोड दिएका छन् । समयमा, नियमित औषधि सेवन गर्दा भाइरसको प्रभाव नियन्त्रणमा रहने, रोग प्रतिरोधात्मक क्षमता सुदृढ हुने तथा स्वस्थ जीवनयापन गर्न सहज हुने सहभागीहरूले बताएका हुन् । सङ्क्रमित व्यक्तिले एन्टिरिट्रोभाइरल थेरापी (एआरटी) नियमित रूपमा सेवन गरेमा शरीरमा भाइरसको मात्रा न्यून रहने क्षयकुष्ट रोग अधिकृत न्यौपानेले बताउनुभयो ।

सरोकार भएका निकायका प्रतिनिधिले औषधि सेवनमा लापरबाही गर्दा उपचारको प्रभावकारिता घट्न सक्ने र स्वास्थ्य अवस्था जटिल बन्न सक्नेतर्फ सचेत गराएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख टुकप्रसाद पोखरेलले सङ्क्रमितलाई नियमित स्वास्थ्य परीक्षण गराउन, सन्तुलित आहार लिन र स्वस्थ जीवनशैली अपनाउन सुझाव दिनुभयो ।

नेपाल परिवार नियोजन सङ्घ पाल्पाका प्रबन्धक शोवाकान्त न्यौपानेले एचआइभी लागेका व्यक्तिले नकारात्मक सोच राख्न नहुने भन्दै आधारभूत सेवा, शिक्षा, स्वास्थ्य र रोजगारबाट वञ्चित गराउन नहुनेमा जोड दिनुभयो ।

प्रतिबद्ध समूहकी प्रबन्धक अस्मिता भण्डारीले सङ्क्रमितहरू समाजको भय र त्रासले खुल्न नसकेका भन्दै सचेतनाको विकास गरी सङ्क्रमितलाई त्रासरहित वातावरणमा बाँच्न पाउने वातावरण सुनिश्चित गराउन सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल पत्रकार महासङ्घ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले सञ्चारमाध्यमबाट यसबारे सचेतनामूलक सामग्री प्रचारप्रसार गरी समाज परिवर्तनमा भूमिका निर्वाह गर्न सबै सञ्चारकर्मीलाई आग्रह गर्नुभयो ।

प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com